नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**परियोजना व्यवस्थापन ईकाई, खुमलटार, ललितपुर**

# एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापनाको लागि परियोजना प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७६/०२/०१)**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन ईकाई, ललितपुर द्वारा आ.व. २०७५/०७६ को बार्षिक स्वीकृत कार्यक्रममा तोकिएका स्थानहरु (प्रदेश नं. १ को वेलका न.पा. उदयपुर, प्रदेश नं. ५ को बाणगंगा न.पा. कपिलवस्तु र कर्णली प्रदेशको आठविसकोट न.पा., पश्चिम रुकुम) मा सञ्चालन गरिने एकिकृत सामुदायिक नमूना आधुनिक कृषि फार्म स्थापना कार्यक्रम सञ्चालनका लागि परियोजना दस्तावेजको बुँदा नं. ४.६ अन्तर्गतको (तालिका ९) मा आधारित भई र एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ४ मा व्यवस्था भएअनुसार बढीमा रु. ७०,०००,०००/- (अक्षेरुपी सात करोड मात्र) सम्म (नियम अनुसार लाग्ने सम्पूर्ण किसिमका कर सहित) सहजिकरण सेवा सुविधा नेपाल सरकारको तर्फबाट उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा उक्त नमुना कृषि फार्म सञ्चालन गर्न ईच्छुक कृषक समुह तथा कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस परियोजना बाट तोकिएको ढाँचा र परियोजना दस्तावेज अन्तर्गतको बुँदा नं. ४.६ मा उल्लेखित सहजीकरण सिमा भित्र रहने गरि परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन यस परियोजनाको परियोजना व्यवस्थापन ईकाई खुमलटार, ललितपुरमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरु :**

१. संस्थाको दर्ता प्रमाण पत्र, PAN/VAT दर्ता प्रमाण पत्र र आ.व. २०७४/७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु, बार्षिक लेखापरिक्षण प्रतिवेदन (अडिट रिपोर्ट) र संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपी।

२. यस प्रस्तावमा उल्लेखित एउटै प्रयोजनका लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तह/अन्य संघ संस्थाबाट सोहि कार्यको लागि सहयोग लिए/नलिएको स्वघोषणा पेश गर्नुपर्ने छ।

३. छनौट भएको निवेदन तथा प्रस्तावको प्रस्तावदाता र यस परियोजना बिच छलफल गरी आवश्यकता अनुसार यो सूचनामा उल्लेख गरिएको परियोजना दस्तावेज को तालिका ९ र एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ४ अनुसार सहजीकरण का आधारमा लागत अनुमान निर्धाण गरिने छ।

४. यो सूचनामा छुट्न गएका विषयवस्तुहरु यस परियोजनाको दस्तावेज, एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि २०७५ र प्रचलित कानून बमोजिम हुनेछ।

५. प्रस्ताब सँग सम्वन्धित सम्पूर्ण कागजातहरु अनिवार्य रुपमा शिलबन्धि गरि पेश गर्नुपर्ने छ। शिलबन्धि नभइ पेश भएका प्रस्ताव उपर कुनै कारबाहि नहुने व्यहोरा सूचित गरिन्छ।

**पुनश्च:** निवेदन र प्रस्ताव पेश गर्दा यस परियोजनाबाट तयार गरिएको कार्यविधिको अनुसुची २ अनुसारको निवेदन र अनुसुची ३ अनुसारको परियोजना प्रस्ताव बमोजिम पेश गर्नुपर्नेछ र सो मा केहि सान्दर्भिक विषयवस्तु थप गर्न आवश्यक परेमा बाधा पर्ने छैन। साथै एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि २०७५ यस परियोजनाको वेभसाईट बाट डाउनलोड गर्न सकिनेछ।

प्रस्ताव दर्ता गर्ने अन्तिम मिति र समय : २०७६/०२/३० दिनको १२:०० बजे सम्म मात्र।

प्रस्ताव खोलिने मिति र समय : २०७६/०२/३० दिनको १:०० बजे।

प्रस्ताव पेश गर्ने र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको मितिमा तोकिएको समय भित्र दर्ता गर्न सकिने छ। उल्लेखित मिति र समय भन्दा पछि आएका प्रस्ताव उपर कुनै कारवाहि नहुने समेत जानकारी गराईन्छ।

**थप जानकारीका लागि सम्पर्क :**

**परियोजना व्यवस्थापन ईकाई, खुमलटार, ललितपुर, नेपाल**

**Email: - info@pmamp.gov.np**

**pmamp@gmail.com**

**Website: - www.pmamp.gov.np**

**फोन नं. ०१-५५२१६१९/५५२०३४६**